# नगर प्रमुख प्रकाश भण्डारीले

# १३ औं नगर सभामा प्रस्तुत गर्नु भएको

शारदा नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को

# नीति तथा कार्यक्रम

## शारदा नगरपालिका, सल्यान

२०८० असार ९

# "Green Sharada, Clean Sharada"

आदरणीय सम्मानित नगर सभाका सदस्यज्यूहरु ,

यहाँ उपस्थित कर्मचारी लगायत अन्य महानुभावहरु !!

शारदा नगर पालिका सल्यानको आर्थिक बर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रमलाई यस गरिमामय नगर सभाका बिचमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी र गौरवको अनुभूति भएको छ । सर्वप्रथम मुलुक र जनताको हक अधिकार , समन्याय , सुशासनका लागि आफ्नो प्राणको आहुती दिएर जीवन उत्सर्ग गर्नु हुने ज्ञात, अज्ञात सम्पूर्ण सम्मानित शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली एवम् हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

समयको परिवर्तनको क्रममा नेपाली जनताले मुलुकको हक ,अधिकार , भाग्य र उज्वल भविष्यका लागि गरेको निष्कर्षपूर्ण तर्किक आन्दोलन , संघर्ष , त्याग , बलिदानको परिणामस्वरुप प्राप्त संवैधानिक अधिकार एवम् उपलब्धिहरुको रक्षा र कार्यान्वयनका लागि हामी सबै उत्तिकै जिम्मेवार र सजग हुनुपर्दछ भन्ने कुरा ब्यक्त गर्न चाहन्छु । राज्यको पुनर्संरचनासङ्गै मुलुकमा ३ तहको सरकारको संबैधानिक ब्यवस्था भएकोले आज हामी सबै यस स्थानमा उभिएको ब्यहोरा समेत अवगत गराउन चाहन्छु । कुनै पदमा पदासिन ब्यक्ति आफैमा केहि त होला तर सर्वमान्य भने हुँदैन तसर्थ यहाँहरु सबै तथा आम शारदा नगरवासीहरुको सामुहिक प्रयत्नबाट मात्र हामी सबैले आशा गरेको लक्ष्य , उपलब्धी, गन्तब्य तथा समृद्धि प्राप्त गर्ने कुरा नगरसभासदस्यज्यू समक्ष अबगत गराउन चाहन्छु ।

नेपालको संविधान २०७२ को भावना अनुसार निर्मित ऐन , कानुन, नियम , बिनिमय तथा स्थानीय शासन संचालन ऐन २०७४, दिगो विकास लक्ष्य, राष्ट्रिय दिगो लक्ष्य, तथा प्रदेश लक्ष्य लाई केन्द्रविन्दुको रुपमा राखेर शारदा नगरपालिकाको आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण विकास, सुसासन तथा संस्थागत बिकास गर्ने नीति अवलम्बन गरिदै आएको छ ।

त्यति मात्र होइन कि नेपालको संविधान २०७२ को प्रस्तावनामा उल्लेख भए अनुसार आर्थिक समानता , समृद्धि , सामाजिक न्याय सुनिश्चित गर्नको लागि समानुपातिक , समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्पकासाथ जीवन र जगतका ४ खम्बाहरु जस्तै दीगो शान्ति , सुशासन , बिकास र समृद्धिको माध्यमबाट समन्यायिक आधारमा जनतासङ्ग सरोकार राख्ने हरेक कामकाज गरिने समेत यहाँहरुमार्फत सबै शारदा नगरवासीहरुमा जानकारी अनुरोध गर्दछु ।

हामी सबैलाई अवगत नै छ कि स्थानीय सरकार आम जनताको नजिकको ढोकाको सरकार( Government of Door ) हो । तसर्थ पनि शारदा न पा बाट प्रदान गरिने सबै प्रकारका सार्वजनिक सेवाहरु सकेसम्म तमाम सेवाग्राहीहरुको घर दैलोमा नै सर्वसुलभ रुपमा पुऱ्याउने मेरो अधिकतम प्रयत्न रहदै आएको छ । जसको उदाहरणको रुपमा अशक्त अपाङ्ग एवम् जेष्ठ नागरिकहरुको लागि गत बर्षदेखि वितरण गरिदै आएको सामाजिक सुरक्षा भत्ता उहाँहरुकै वडा वडामा वितरण गरिदै आएको छ । यसै गरेर जेष्ठ नागरिकहरुलाई घरघरमै स्वास्थ्य परीक्षण एवम् औषधि उपचारको ब्यवस्था गरिएको छ । ग्रामीण अल्ट्रासाउण्ड सबै वडामा संचालन गरिएको छ । वडाबाटै जग्गा कर, विद्युत महशुल तिर्ने व्यवस्था मिलाएको छु । किसानहरुलाई मल, बीउ, बिरुवा ,औजार उपकरण, पशु चौपाया बितरण गरिएको छ ।नगरलाई कृषिमा आत्मनिर्भर बनाउन, किसानका समस्या सम्बोधन गर्न तथा कृषि उत्पादनलाई बढावा दिन हरेक वडामा कृषि तथा पशु सेवा प्राविधिकक खटाएको छु । गाई भैसीमा देखिएको लम्पी स्किन महामारी नियन्त्रणका तत्काल प्रतिकार्यको काम गरिएको छ ॥ फोहर मैलाको उचित व्यवस्थापनको प्रबन्ध मिलाइएको छ । वर्षातका कारण आएको

विपत्तीमा अहोरात्र खटिई रोकथाम तथा राहतका कार्यक्रम संचालन गरिएको छ। शारदा वासीलाई खानेपानीकोको सहज पहुँचका लागि करिब ९२ करोड को बजेटमा खानेपानी योजना संचालनको अवस्थामा रहेको छ। साथै शिक्षा , स्वास्थ्यलाई प्राथमिकतामा राखेर बजेट बिनियोजन गरिएको छ। नगरका सबै विद्यालयमा विज्ञ सहितको टिमले अनुगमन तथा कक्षा ८ मा एकिकृत परिक्षा प्रणाली लागु गरिएको छ।

श्रीनगर बसपार्कलाई आधुनिक बसपार्क बनाउन प्रयत्न गरिएको छ। व्यवस्थित अटो भिलेज स्थापना गरि संचालनमा आएको छ।

नगर उज्यालो कार्यक्रम अन्तर्गत खलंगा र श्रीनगर बजारमा हाईमस्ट लाइट जडाको काम गरिएको। हालै मात्र शारदा न पा मा बैज्ञानिक तरिकाले जग्गाको वर्गीकरण गरिएको छ। शारदा न पा बाट हरेक सेवाग्राहीलाई प्रदान गरिने सेवा प्रवाह छिटो ,छरितो र सर्वसुलभ रुपमा प्रदान गरिदै आएको छ। त्यसै गरेर बिगत बर्षहरुमा नागरिकता प्रमाणपत्रको सिफारिसका लागि लिइदै आएको कर हाल नलिने र निशुल्क सिफारिस गर्नुले पनि अधिकतम शारदा नगरवासीहरुलाई केही राहत मिलेको अनुभूति गरेको छु।

आदरणिय नगरसभा सदस्यज्यूहरु,

मूलत : शारदा नगरवासीहरुको हरेक पक्षसङ्ग सम्बन्धित बहुआयामिक समस्याहरू विशेष गरेर आधारभूत आवश्यकता, शिक्षा , स्वास्थ्य , रोजगारी , जनस्रोत विकाससङ्ग गासिएका जन सरोकारका बिषयबस्तुलाई प्राथमिकिकरण गरेर योजना बनाई कार्यान्वयन गरिदै आएको र त्यसलाई निरन्तरता दिइने छ। यसै गरेर नगरले केहि गौरवका योजना समेत बनाएको छ। ती योजनालाई स्रोत साधनले भ्याएसम्म छिट्टै कार्य रुप दिइने छ।

मुलुकमा राजनीतिक आन्दोलनले ल्याएको परिवर्तन पश्चात् शासकीय स्वरुपमा आएको संरचनागत परिवर्तनपछि सबै क्षेत्रका आम जनताको ईच्छा , चाहाना , रुचिमा आकस्मिक रुपमा उछाल आउनु म सान्दर्भिक नै ठान्दछु तर पनि हामीसङ्ग भएको सिमित स्रोत र साधनको कारणले जनताले तिब्र अपेक्षा गरेका ईच्छा , चाहाना , आवश्यकता लगायतका बहुआयामिक विषबस्तुलाई पूर्णतया समेट्न सक्ने अवस्था तत्कालिन रुपमा नरहे तापनि हाम्रो रहर : समृद्ध शारदा नगर बनाउनेतर्फ भने हाम्रो दिब्य- दृष्टिमा कुनै कसर बाकी रहने छैन।

अन्तमा , ‘‘शारदा नगरवासीको विकास : आम नागरिकको सहयोग अनि साथ भन्ने पवित्र नाराका साथ थोरै लगानी : उच्च उपलब्धि तर्फ विशेष जोड दिने कुरामा प्रतिवद्धता जनाउन चाहन्छु।

# "Green Sharada, Clean Sharada"

आदरणीय नगरसभा सदस्यज्यूहरु,

यस शारदा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयलाई आधार लिएको छु ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
- स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- उपलब्ध स्रोत साधन
- राजस्व संकलन तथा परिचालन मार्गदर्शन
- विकासका अन्तरसम्बन्धित बिषयहरु
- संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु
- स्थानीय विविधता विशिष्टता र नागरिकको आवश्यकता
- निर्वाचनको समयमा नागरिक समक्ष गरिएका घोषणा र प्रतिवद्धता आदि ।

# "Green Sharada, Clean Sharada"

आदरणीय नगरसभाका सदस्यहरु,

अब म आगामी आ.व.२०८०/०८१ मा शारदा नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## स्वास्थ्य क्षेत्र तर्फ

१. "हाम्रो स्वास्थ्य, राम्रो स्वास्थ्य" (Our Health, Good Health) भन्ने भाबनालाई आत्मसात गरी क्रमशः सबै वडाहरुमा विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिने छ।

२. .'गुणस्तरीय स्वास्थ्य सेवाः नागरिकको अपेक्षा' भन्ने मान्यताका आधारमा सबै वडामा रहेका स्वास्थ्य संस्थाहरुको भौतिक पुर्वाधारमा सुधार साथै समयानुकुल स्तरोन्नति गरि स्रोत साधन सम्पन्न बनाउदै निःशुल्क औषधिहरुको नियमित आपूर्तिको सुनिश्चितता गरिने छ।

३. १५ वटै वडाहरुमा बसोबास गर्ने जेष्ठ नागरिक तथा शारीरिक अपागंता भएका व्यक्तिहरुलाई टोल बस्तीमा पुगेर निःशुल्क स्वास्थ्य परिक्षणलाई निरन्तरता दिईने छ।

४. "स्वस्थ आहार, स्वस्थ विचार, स्वस्थ्य व्यवहार" लाई ध्यानमा राखी नगरका प्रमुख स्थानहरुमा योग शिविर संचालन गरिने छ।

५. सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक सेवा कार्यक्रम संचालनमा ल्याई नगरवासीहरुको आकस्मिक स्वास्थ्य सेवाको पहुंचलाई सुनिश्चित गरिने छ

६. १५ वटै वडाका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रदान गर्दै आएको यातायात प्रोत्साहन सुविधालाई निरन्तरता दिइने छ।

७. विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रमलाई प्रभावकारी बनाइ निरन्तरता दिइने छ।

८. राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी रुपमा संचालन गरी नगरबासीको स्वास्थ्य बिमालाई सुनिश्चित गरिने छ।

९. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्थालाई प्रभावकारी बनाइने छ।

१०. नगरवासीहरुको जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको साथै सचेतना मुलक कार्यक्रम हरु संचालन गरिने छ।

११. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा बिस्तार गरी विभिन्न किसिमका प्रवर्द्धनात्मक, रोकथाम र उपचारात्मक सेवाको व्यवस्था लाइ निरन्तरता दिइने छ।

१२. प्रजनन स्वास्थ्यको कार्यक्रमहरु निरन्तर रुपमा अगाडि बढाउदै लगिनुका साथै मातृ तथा नवशिशु कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१३. आकस्मिक स्वास्थ्य सेवामा टेवा पुऱ्याउन एम्बुलेन्स सेवाको उचित व्यवस्था गरिने छ।

१४. अकस्मात आइपर्ने महामारी नियन्त्रण, रोकथाम एवं विपद व्यवस्थापन पुर्व तयारीको उचित व्यवस्था मिलाइने छ।

१५. १५ वटै वडाहरुमा सुनौलो १००० दिनका महिला तथा बालबालिकाहरुको पोषण सुधारका लागि उपमेयर कोशेली कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१६. सवै स्वास्थ्य संस्था,वडा कार्यालय र बिद्यालयहरुमा स्तनपान कक्ष र पोषण प्रदर्शनी कक्षको व्यवस्था मिलाइने छ।

१७. महिला, किशोरि र बालवालिकाहरुमा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन बहु क्षेत्रिय पोषण योजना लाई प्राथमिकतामा राखि पोषण लक्षित र पोषण संवेदनशिल क्रियाकलापहरु संचालन गरिने छ।

१८. स्वास्थ्य सूचना प्रणालीलाई गुणस्तरीय बनाई नगरपालिकाको स्वास्थ्य सम्बन्धि नीति, योजना र रणनीति विकास गर्न प्रभावकारी उपयोग गरिने छ।

# "Green Sharada, Clean Sharada"

**शिक्षा क्षेत्र तर्फः**

१९. समृद्ध शारदा नगरपालिकाका लागी नगरवासिलाइ खुसि बनाउन आवश्यक स्वावलम्बी, सीपमुलक, व्यावसायिक, प्रविधिमैत्री, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासका लागी योगदान गर्ने शारदा नगरपालिकाको शिक्षाको दिर्घकालिन सोच बमोजिम विद्यालय उमेर समूहका सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरिने छ ।

२०. शारदा नगरपालिकाको पञ्चवर्षिय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८३ को लक्ष्य बमोजिम शारदा नगरपालिकाको पञ्चवर्षिय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८३ कार्यान्वयनमा ल्याइनेछ ।

२१. नगर भित्रका बालविकास कक्षाहरुलाई नमुना बनाउनकोलागि शिक्षकहरुलाई मनटेश्वरी पद्यतिमा आधारीत तालिम प्रदान, कक्षाकोठाहरुमा smart TV को व्यबस्थापन गर्नुको साथै न्यूनतम मापदण्ड पुरा गर्ने उद्धेश्यलाइ निरन्तरता दिइनेछ ।

२२. सवै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिस्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गरिनेछ ।

२३. सबै तहका बालबालिकाहरूका लागि समतामूलक, सान्दर्भिक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित तथा सहभागिता वृद्दी गरि शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाइने छ ।

२४. सार्वजनिक विद्यालयमा न्यूनतम पूर्वाधार निर्माण कार्य सम्पन्न गरिनुका साथै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, बालमैत्री, समावेशी र सुरक्षित बनाइने छ साथै गुणात्मक शिक्षा प्रदान गर्नका लागी शिक्षामा आधुनिक नवप्रविधियुक्त भौतिक निर्माणमा जोड दिइने छ। बालमैत्री विद्यालयका लागी कक्षाकोठा निर्माण, जिर्ण कक्षाकोठा पुर्ननिर्माण, सरसफाइयुक्त शौचालय र धारा पुर्ननिर्माणमा जोड दिइने छ

२५. शिक्षा क्षेत्रको जानकारी लिन, विद्यार्थीहरुको समस्या बुझ्न तथा शैक्षिक क्षेत्रमा शुशान कायम गर्न नगर प्रमुख र उप प्रमुख संग विद्यार्थी कार्यक्रम संचालनमा ल्याइने छ ।

२६. बालबालिका तथा युवाहरुलाई सृजनशिल बनाउन मेयर इनोभेसन सेन्टर स्थापना गरिनेछ। यसको लागि बजेट विनियोजन गरि त्रिजमावि लुहापिडमा ल्याब बनाइनेछ। साथै बालबालिका भविष्यका कर्णाधार, असल शिक्षा विद्यालय देखि घरसम्म, घर देखि समाज सम्म बनाउनको लागि शारदा ३ को खड्गदेवी प्राविलाई मोडेल स्कुल(पाइलोटी प्रोजेक्ट) को रुपमा विकास गरिनेछ। जस अन्तर्गत सबैखाले, प्रभुद्ध पुजीपती, समाजसेवी वर्गहरुको साझेदारी हात कोष खडा गरिनेछ।

२७. सीमान्तकृत समुदायका बालबालिका, अपांगता भएका तथा पिछडिएका समुदायका वालवालिकालाई आवश्यक शैक्षिक सामाग्री र छात्रवृत्ति प्रदान गरिनु साथै बिद्यालय सम्म पहुँच पुर्याउन अभिमुखिकरण कार्यक्रममा जोड दिईने छ ।

२८. स्थानीय पाठ्यक्रम, शारदा चिनारी कक्षा (कक्षा १-५) सम्मलाइ परिमार्जन एवंम (कक्षा १-८) लाइ कार्यान्वयनमा ल्याइने छ ।

२९. बालबालिकाहरुको स्वास्थ्य परिक्षणलाई नियमितता र प्रभावकारीता कायम गर्नकोलागि विद्यालयहरुमा प्रथामिक उपचार सेवाको ब्यबस्था गरिने छ।

३०. प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सीपयुक्त प्राविधिक एवंम दक्ष जनशक्ति उत्पादन गर्न जोड दिईने छ ।

३१. सूचना तथा सञ्चार प्रविधको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रबर्द्धन गरिने छ जसका लागि आधारभूत तहदेखि नै विद्यालयमा ल्यापटप, प्रोजेक्टर, स्मार्ट वोर्ड, टयावलेटको प्रयोग मार्फत प्रविधिमैत्री सिकाईमा जोड दिइनेछ ।

३२. शिक्षकहरूको पेशागत विकासमा सहयोग पुर्याउन शिक्षकहरूलाई समय सापेक्ष तालिम कार्यक्रमहरुलाई निरन्तरता दिईने छ।

३३. शिक्षकको पेशागत क्षमता विकासका लागि विषयविज्ञ सहितको सघन अनुगमन तथा कक्षा सुपरिवेक्षणकार्यलाई निरन्तरता गरिने छ ।

३४. शारदा नगरपालिका भित्रका सम्पूर्ण निरक्षर व्यक्तिहरुलाई पूर्ण साक्षर बनाई पूर्ण साक्षरयुक्त नगरपालिका निर्माण गर्न शारदा साक्षरता कार्यक्रम संचालनमा ल्याइने छ ।

३५. सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्न सरकारी तथा संस्थागत निजी विद्यालयहरु सँग समन्वय सहकार्य गर्दै अनुगमन नियमनलाई प्रभावकारी बनाउदै बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि विद्यालय र नगर स्तरिय अतिरिक्त क्रियाकलापहरु संचालन गरिने छ ।

३६. नगरपालिकामा नतिजाका आधारमा उत्कृष्ट विद्यार्थी र विद्यालय, कार्य सम्पादनका आधारमा उत्कृष्ट शिक्षक र कर्मचारीलाई सम्मान तथा पुरस्कृत गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ।

३७. विद्यार्थीहरुमा पठन संस्कृतीको विकास गर्न तथा शैक्षिक सामग्रीको निर्माण तथा कक्षाकोठामा प्रभावकारी प्रयोगको लागि पढाइ मेलालाई निरन्तरता दिइने छ ।

३८. पालिकामा कार्यरत बालविकास शिक्षक, विद्यालय कर्मचारी (लेखापाल) र विद्यालय सहयोगी कर्मचारीहरुलाई प्रोत्साहन गरिने छ।।

३९. शारदाको शिक्षा क्षेत्रलाई प्रभावकारी र गुणस्तरीय बनाउन Research on Education कार्यक्रमलाई निरन्तरता दिइने छ । सबै सामुदायिक विद्यालयका छात्राहरुलाई आत्मरक्षाको तालिम प्रदान गरिने छ ।

४०. प्रारम्भिक उमेरका बालवालिकाको विकासात्मक पक्षहरु र यसमा अभिभावकले निर्वाह गर्नुपर्ने भुमिका बारे अभिभावकको क्षमता विकाश तथा सचेतना अभिवृद्धिका लागी कार्यविधि समेत तयार गरी अभिभावक शिक्षा कार्यकमलाई निरन्तरता दिइने छ।

## युवा तथा खेलकुद तर्फः

४१. सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा खेल प्रशिक्षकको ब्यबस्था गरिने छ।

४२. नगरबासिहरुलाई शारीरिक तथा मानसिक रुपमा स्वस्थ बनाउन पोषण तथा योग प्रशिक्षकको व्यवस्था गरिने छ।

४३. विपद व्यवस्थापनमा लागि प्रत्येक टोलमा युवा Task Force गठन गरिने छ ।

४४. सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा भलिवल कोर्ट निर्माण गरिने छ । महिला भलिवललाई प्रोत्साहन गरिने छ ।

४५ प्राबिधिक दक्ष जनशक्ति उत्पादनमा जोड गर्न मेयर छात्रबृत्ति कार्यक्रम लागु गरिने छ ।

४६ प्रतिभा पहिचान तथा प्रोत्साहन गर्न Sharada Idol कार्यक्रम संचानल गरिने छ ।

४७ युवाहरुलाई उद्यमशिलतातर्फ आकर्षित गर्न शिक्षामा युवा उद्यमशिलतालाई जोडिनेछ ।

४८. खेलकूदका पूर्वाधार तथा संरचनाहरु निर्माण गरी मेयरकप, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, विद्यालय भित्र अतिरिक्त क्रियाकलाप अन्तरगतका खेलकुदहरु, वडा स्तरीय प्रतियोगिताहरुलाई निरन्तरता दिइनेछ।

४९. राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता संचालन गरिने छ ।

५०. उप–मेयरसँग किशोरी कार्यक्रम अन्तर्गत प्रजनन स्वास्थ्य तथा यौन शिक्षा एवम् लैंगिक विभेद विरुद्धको अभियान सबै विद्यालयमा संचालनमा ल्याइने छ ।

५१. मेयर सँग युवा कार्यक्रम अन्तर्गत लागु पदार्थ दुव्यर्सनविरुद्ध सचेतना कार्यक्रम संचालनमा ल्याइने छ.

आदरणीय नगरसभाका सदस्यहरु,

## कृषि क्षेत्र तर्फ

५२ गुणस्तरीय विउ विजनमा नगरलाई आत्मनिर्भर बनाउनको लागि रैथाने वाली, विउ विजन, नश्ल कृषि तथा पशु पंछि जन्य जैविक विविधता संरक्षणमा समुदायलाई प्रोत्साहन गरिनेछ। हाइब्रिड जातको विउ विकास प्राङ्गारिक र जैविक मलको उत्पादन/कृषि बस्तुहरुको न्यूनतम समर्थन मुल्य निर्धारण गरिनेछ।

५३. कृषि खेतीलाई व्यावसायिक बनाउनका लागि पकेट तथा ब्लक कार्यक्रम मार्फत उच्च मुल्य (High Value) का वाली वस्तुको खेतिमा जोड दिईने छ।

५४. आधुनिक व्यवासायिक कृषि खेतिको लागि आवश्यक कृषि यान्त्रिकरण तथा पुर्वाधारका कार्यक्रम सञ्चालन गरिने छ।

५५. शारदाको चिनारी माल्नेटी "अदुवा र खुकुरी' लाई ब्राण्डिङ गरिनेछ।

५६. एक बस्तु सामुहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन नीति मार्फत आत्मनिर्भर अर्थतन्त्रको विकास गरिनेछ। जस अन्तर्गत नगरका वडा नम्बर ७,८,१०, ११ लाई हल्ट्रीकल्चर ( Herticulture) ( फलफुल) पकेट, १४ र १५ लाई अदुवा पकेट, ८,१० लाई बेसार पकेट, १,२,३,४,५,६ र ९ लाई तरकारी पकेट क्षेत्र निर्धारण गरिनेछ।

५७. कृषि उपज भण्डारणको लागि शित भण्डार (Cold Store) निर्माणको लागि आवश्यक पहल गरिने छ।

५८. कृषक अनुदान, उत्पादनमा आधारित अनुदान, सहुलियत कर्जाजस्ता किसान मैत्री कार्यक्रम संघिय सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकायको साझेदारी तथा सहकार्यमा सञ्चालन गरिने छ।

५९. कृषि पर्याबरण र प्रकृति पर्यटनको प्रबर्द्धन गर्नको लागि "हराभरा शारदा, प्रकृतिको धन स्वच्छ, स्वस्थ, सवल र सक्षम जन' का लागि प्रत्येक वडा कार्यालय, सामुदायिक वन र सार्वजनिक स्थान र बस्ती बस्तीमा बृक्षारोपन गरिनेछ। विरुवा नगरवाट व्यवस्था गरीने छ।

६०. नगर भित्रका व्यावसायिक कृषकहरुको क्षमता विकासका लागि तालिम तथा अवलोकन भ्रमणजस्ता कार्यक्रम सञ्चालन गरिने छ।

६१. भौगोलिक अवस्था र पानीको स्रोतको आधारमा उपयुक्त सिंचाई बर्षभरी गराइनेछ, जस

अन्तर्गत शाना तथा ठुला सिंचाई पोखरीको निर्माण, सिंचाई कुलो निर्माण वर्षे पानी संकलन पोखरी निर्माण गरिनेछ ।

६२. कृषिजन्य वस्तुहरुको बजारीकरणका लागि प्रमुख बजारहरुमा कृषि बजार स्थापना गरिने छ ।

६३. कृषकसंग स्थानीय सरकार कार्यक्रम अन्तर्गत मेयर उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम लाइ निरनतरता दिइने छ ।

६४. गरिवी निवारणका लागि कृषि जन्य साना लघु उधम कार्यक्रम सञ्चालनमा ल्याईने छ ।

६५ कृषक अनुदान प्रणालिलाई सुधार गर्दै उत्पादनमा आधारित प्रोत्सहान जस्ता कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

६६. माटोको स्वास्थ्य अवस्था थाहा पाउन पालिकामा माटो जाँचको लागि मिनिल्याव सञ्चालनमा ल्याइने छ ।

६७. विभिन्न ठाउँमा घुम्ती माटो परिक्षण शिविर सञ्चालन लाइ निरन्तराता दिदै विग्रीएको माटोको अवस्था सुधार गर्न कृषि चुन तथा जिप्सम अनुदानमा बितरण गरिने छ ।

६८. खाद्यान्न बालिको उत्पादनमा बृद्धि ल्याउनको लागि उन्नत जातका विउहरुको वितरण गरिनुका साथै च्याउ खेतिलाई प्रबर्द्धन गरीने छ ।

६९. पालिकामा उत्पादन हुने रैथाने वालिको संरक्षण तथा प्रवर्द्धन कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

**आदरणीय नगरसभा सदस्यहरु,**

## पशु विकास तर्फ :

७०. परम्परागत रुपमा पालन गरिरहेका पशुपन्छी पालन किसानहरुलाई व्यबसायीक आधुनिक तथा मर्यादित पेशाको रुपमा संचालनमा ल्याइने छ ।

७१. गोठ खोरको सुधार गरी स्वस्थ पशुपन्छी उत्पादनमा जोड दिईने छ ।

७२. पालिकाको माग भए अनुसार दुध, फुल, र मासु मा आत्मा निर्भर तर्फ ५ बर्ष भित्र पुरा गरिने लक्ष्य राखिएको छ ।

७३. अनुत्पादक पशुपन्छीहरुलाइ कृतिम गर्भधान /प्राकृतिक गर्भधान प्रबिधि द्धारा ५बर्ष भित्र वर्णशंकर जातका पशुपन्छीहरुको विकास गरीने छ ।

७४. शारदा नगरपालिका पशु सेवा शाखाको आफनै प्राइमरी प्रयोगशाला स्थापना गरी रोग निदान तथा उपचारमा थप सेवा प्रवाहा गरीने छ ।

७५ छाडा भुस्याहा कुकुरहरुलाई spaying and vaccination प्रबिधि द्धारा बजार क्षेत्र भित्र भुस्याहा कुकुरहरुबाट उत्पन्न हुने क्षति न्युनिकरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

७६. प्रत्येक वडाहरुमा पशुपन्छी पकेट ब्लक क्षेत्र को स्थापना गरीने छ ।

७७. शारदा नगरपालीका लाई चाहिने दुधमा आत्मनिर्भर बनाउनको लागि भैसीपालन कार्यक्रमलाई प्रबर्द्धन गरिनेछ ।

७८. बातावरण मैत्रि तथा पशुहरुको आहारा उत्पादनका लागि बहुबर्षे तथा एक बर्ष डाले बहुबर्षे भुई घाँस खालि रहेको वन क्षेत्र वरपर लगायत सडक किनारा र बारी काल्नाहरुमा लगाई हराभरा बाताबरण वनाउने निति अबलम्वन गरीने छ ।

७९. जुनोटिक रोग तथा पशुहरुमा लाग्ने महामारी रोगबाट बचाउन समय अनुसारका खोप तथा उपचार सेवामा सुधार ल्याउने निति अबलम्बन गरीने छ ।

८०. परम्परागत रुपमा संचालन भैइरहेका गोठ खोर लाई आधुनिकिकरण तथा सुधारमा जोड दिईने निति लाइ निरन्तरता दिइने छ ।

८१. बाँझोपन निवारण तथा पशु स्वास्थ्यमा सुधार ल्याउन समय समयमा पशु शिबिर संचालन गरीने छ
८२. उत्पादनका आधारमा कृषकलाई प्रोत्साहन सेवा प्रदान गरीने छ।
८३. बजारक्षेत्रमा संचालन रहेका औषधि पसल/फार्महरु तथा मासु पसललाई समय समयमा गरीने अनुगमन लाइ निरन्तराता दिइने छ।
८४. नगर क्षेत्र भित्र पशु र कृषि व्यवसायलाई सुरक्षित र संरक्षित बनाउनको लागि कृषि तथा पशु विमा अनिवार्य गराइनेछ। विमा कार्यक्रममा नगरपालिकाले सहजिकरण तथा सहयोग गर्ने छ।
८५. नगर भित्रका व्यावसायिक कृषकहरुको क्षमता विकासका लागि तालिम तथा भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।
८६. कृषक संग स्थानिय सरकार कार्यक्रम अन्तरगत मेयर उत्कृषट कृषक पुरस्कार कार्यक्रम सञ्चालन गरीने छ ।
८७. गाईगोरुहरु छाडा छोडने प्रचलनलाई रोक्न प्रत्येक गाईगोरुहरुको नम्बरीङ्गको व्यवस्था लाइ निरन्तरता दिदै गौसाला निर्माण कार्यलाइ अगाडी बढाइने छ।

## पूर्वाधार विकास तर्फ

८८. आ.व. २०७९|०८० मा संचालित क्रमागत आयोजनाहरुलाई भौतिक प्रगतिको आधारमा निरन्तरता जोड दिइने छ ।
८९. यातायात क्षेत्रको व्यवस्थापनका लागि आधुनिक बसपार्क निर्माणको कार्यलाई निरन्तरता दिइने छ
९०. शारदा नगरपालिकामा संघ र प्रदेशबाट बजेट विनियोजन भई सञ्चालन हुने पुर्वाधारको लागि समपुरक कोषको उचित व्यवस्था गर्न विशेष जोड दिईने छ।
९१. हाम्रो सम्पदा राम्रो सम्पदा कार्यक्रम संचालन गरिनेछ, जस अन्तर्गत वडा नम्बर २ चोरकाट्ने भिरमा ट्रेल मार्ग निर्माण, वडा नम्बर १४ भट्टाचौर चाका ज्यूला हुदै ढारखानी गुकुल नगर सम्म पर्यटक पथ निर्माण, खैरावाङ मन्दिर परिषरमा भिजिनेरी अप्रोज फोटो पार्क निर्माण गरिनेछ।
९२. नगरपालिकाका सबै वडालाई सडक संजालमा जोडिने छ।
९३. १५ वटै वडाहरूको वडा केन्द्रमा बाह्रै महिना सवारी साधन सहज रूपमा आवागमन गर्न उक्त सडकहरूको मर्मत सम्भार तथा स्तरोन्नतीमा जोड दिइने छ।
सवै वडा कार्यालयका आफ्नै भवन निर्माण गरी सार्वजनिक सेवा प्रवाह गर्नको उचित व्यवस्था मिलाइने छ।
९४. शारदा नगरपालिकाको सडक गुरुयोजना (MTMP) निर्माण गरिनेछ।
९५. Sharada Ring Road (चक्रपथ) लाई गौरवको आयोजनाको रूपमा अगाडि बढाइने छ।
९६ . नगर क्षेत्रभित्र विद्युतीकरण गर्न बांकी रहेका सवै वडाका टोल बस्तीमा विद्युतीकरण लाइ निरन्तराता दिइने छ।
९७. शारदा उदयमान शहर हुन गइराखेकोले शारदाको वडा नम्बर १ तिलछहरे डाँडादेखि शानपाको वडा नम्बर ६ बरला सम्म, वडा नम्बर २ को डाँडागाउँ देखि वडा नम्बर ४ को साहुटोल सम्म वस्ती विकास परियोजना लागु गरिनेछ। जस अन्तर्गत देशकै ५७ औं शहर निर्माणका लागि जोड दिइनेछ।
९८. मानव वस्ती विकास, सहरी विकास योजना, आवासीय तथा प्रशासनिक भवन निर्माणको लागि आधारभूत मापदण्डलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
९९. श्रीनगर शितलपाटी पटनेरी, जोगिदेउखोला देखि बरला सम्म बढ्दै गएको शहरीकरणलाई मध्यनजर गर्दै आव २०८०।०८१ मा आधुनिक शहरको मुर्तरुप दिन शहरका छेउछाउमा सडक

बत्ती विस्तार चोक र टोल बस्तीको नामाकरण, सिसि क्यामेरा जडान, ग्रिन जोन निर्माण, फुटपातको व्यवस्था र क्रसिङ प्वाइन्ट आदि कार्यलाई तत्परता दिइनेछ। हेरिटेज सिटी सल्यान खलंगा वडा नं. २ डाँडागाउँ देखि वडा नम्बर ५ दुल्धारा पोखरा सम्म विशेष गुरुयोजना तयार गरिनेछ।

१००. बजार क्षेत्रमा ढलनिकासको व्यवस्थापन गरिने छ।

१०१. पूर्वाधार निर्माण कार्यको गुणस्तर परिक्षण गर्नको लागि नगरपालिकामा ल्याब स्थापना गरी परिक्षण गर्ने कार्य अगाडि बढाइने छ।

१०२. नगरपालिकाका पूर्वाधारहरूमा लगानीका विभिन्न उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको सेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाइने छ।

आदरणीय नगरसभाका सदस्यज्यूहरु,

## वन र वातावरण

१०३. प्राकृतिक प्रकोप तथा विपद ब्यवस्थापनलाई न्यूनिकरण गर्न विपद व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ।

१०४. वतावरण संरक्षण ऐन २०७६ ले निर्दिष्ट गरे अनुसार जलवायु परिवर्तनबाट सृजित प्रतिकुल असर र जोखिमबाट अनुकुलित हुनको लागि योजनाहरु संचालनमा ल्याउनको लागि स्थानिय अनुकुलन कार्य योजना (LAPA) लाई प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ। नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ लाई जलवायु उत्थानशील तथा दिगो विकास मार्फत कार्यन्वयन गरि "Green Sharada, Clean Sharada" लाई सफल बनाईने छ।

१०५. फोहरमैला व्यवस्थापन कार्यक्रमलाई आधुनिक तथा व्यवस्थित गरिनेछ।

१०६. वन तथा भू-संरक्षण, जलउत्पन्न प्रकोप नियन्त्रण, जलाधार संरक्षण, जलवायू पविर्तन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ।

१०७. जलवायु परिवर्तनको असरले लोप हुँदै गएका, अतिकमणमा परेका, प्राथामिकतामा नपरेका सामुदायिक रिचार्ज पोखरीलाई सामुदायिक बन उपभोक्ता समितिहरुको सहकार्यमा निर्माण, पुनःनिर्माण, संरक्षण र पुनर्स्थापना गरिनेछ।

१०८. भु-उपयोग नीति तर्जूमा तथा जथाभावी जग्गा पल्टिङ गर्ने कार्य नियन्त्रण गरी सुव्यवस्थित आधुनिक शहर निर्माणको आधार तयार पारिने छ।

१०९. शारदा नगरपालिका भित्र उत्पादित कृषि खेतीयोग्य भुमीमा आधुनिक उपकर० प्रयोग, जग्गा प्लटिङ्ग कार्यलाई निरुत्साहित पारिदै लगिने छ।

११० अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरूको उचित व्यवस्थापन गरिने छ।

१११. फोहरमैला व्यवस्थापन (Sanitary Land Fill site ) लाई व्यवस्थित गरिने छ।

११२. मानव जीवन तथा उपभोक्तासंग प्रत्यक्ष सरोकार राख्ने औषधी पसल, मासु पसल, पशुपंछी तथा विषादी वेचविखन गर्ने पसलहरूको अनुगमन नियमन गरि कानुनी दायरामा ल्याइने छ।

११३. बाह्रै महिना विभिन्न बस्तीहरूमा हरियाली छाउन डालेघाँस, फलफुलका विरूवाहरूको वृक्षारोपण कार्यमा जोड दिईने छ।

११४. शारदा नगरपालिकाभित्र रहेको सार्वजनिक जग्गा वा अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरूको लगत संकलन गरी वृक्षारोपण कार्य गरिने छ।

११५. वन सम्बन्धि कार्यको अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउने र वन सुशासन कायम गरिनेछ।

११६. सडक, नदी, किनारा, सार्वजनिक स्थान र प्रत्येक निजी घरधनीले वार्षिकरूपमा कम्तीमा एक

## "Green Sharada, Clean Sharada"

विरूवारोपण कार्यलाई प्रवर्द्धन गर्दै शारदा हरियाली कार्यक्रम सञ्चालन गरिने छ ।

## खानेपानी तथा सरसफाइ व्यवस्थापन तर्फ

११७ खानेपानीको समस्या हल गर्न बिश्व बैक, सघिंय सरकार, प्रदेश सरकार र नगरपालिका बिच गरी त्रिपक्षिय सम्फौता भए बमोजिम ९२ करोड रकमको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११८. एक घर एक धारा अभियान अर्न्तगत नयाँ योजना तथा पुराना योजनाहरु मर्मत गरी नगर भित्र प्रत्येक घरधुरीमा निजि धारा जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११९. नगर भित्रका बिद्यालयहरु, स्वास्थ्य संस्थाहरु र सार्वजनिक संस्थाहरुमा खानेपानी तथा सरसफाई क्षेत्रलाई सुधार गरिने छ ।

१२०. १५ वटै वडामा खानेपानी आयोजनाको मर्मत सम्भारको व्यवस्थापन गरिने छ ।

१२१. नियमित खानेपानी आपूर्ति, मर्मत सम्भार तथा व्यवस्थापन गर्न थप प्राविधिक कर्मचारीको व्यवस्था गरिने छ ।

१२२. स्वच्छ सफा तथा शुद्ध पानीको गुणस्तर मापन गर्न नगर भित्र प्रयोगशाला निर्माण प्रक्रियालाई अगाडि वढाइनेछ ।

१२३. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको व्यवस्थापन सूचना प्रणाली (N-WASH Dasboard, MIS) मा अपडेट गरी व्यवस्थित गर्ने नीति बनाइने छ ।

## सहकारी र उद्यमशिलतातर्फ

१२४. उद्यम विकास कार्यक्रम मार्फत वेरोजगार युवा युवती तथा पिछडिएका समुदायमा सीप विकासका तालिमहरू आयोजना गरिने छ ।

१२५. उद्यमशिलता प्रर्वद्धनका लागि युवा उद्यमिहरूलाई सिप तथा प्रविधी हस्तान्तरण गरिने छ ।

१२६. औद्योगिक क्षेत्रको वर्गिकरण गरी उद्यमग्रामको लागि पहल गरिनेछ ।

१२७. नगरभित्र संचालन भएका उद्योगहरुलाई प्रबर्द्धन तथा प्रोत्साहन गरिनेछ ।

१२८. असल उद्यम अभ्यासको अनुसरणलाई जोड दिइनेछ ।

१२९. नगरवासीहरूमा उद्यमशिलताको विकास तथा साना ठूला उद्योग व्यवसाय सञ्चालनमा सहजिकरण गरिनेछ ।

१३०. गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमीहरू उत्पादनलाइ निरन्तरता छ ।

१३१ शारदा नगरपालिकास्थित सवै प्रकारका सहकारी संस्थाहरूको क्षमता बृद्धि र सहकारी शिक्षामा जोड दिइने छ ।

१३२. एउटै प्रकृतिका सहकारी संस्था दर्ता गर्न कडाइ गरिनेछ भने सहकारीबाट गुणस्तरीय सेवा सर्व सुलभ रूपमा प्रदान गर्न प्रोत्साहन गरिनुका साथै नियमण अनुगमण कडाइ गरीने छ ।

१३३. लघु उद्यम विकास मार्फत सीप र दक्षता भएका नागरिकहरूलाई स्वरोजगारको लागि स्थानीय स्रोत साधन र कच्चा पदार्थहरूको प्रयोगमा विशेष जोड दिइने छ ।

१३४. निजी क्षेत्र अर्थतन्त्रतको बलियो आधार साकार बनाउनको लागि नगर सरकार र नीजि क्षेत्रको साफेदारीबाट उत्पादन तथा उत्पादकत्व अभिबृद्धि रोजागरी सृजना जस्ता कार्यक्रमहरुमा संयुक्त लागानी गरिनेछ ।त्यसको लागि Private Public Partnership (3P Model) लाई अवलम्वन गरिनेछ ।

१३५ सहकारी क्षेत्रको विकास तथा क्षमता अभिवृद्धिका लागि अनुशिक्षण तालिम सञ्चालन गरिने छ।

आदरणीय नगरसभा सदस्यहरु,

**सार्वजनिक सेवा र सुशासन तर्फ**

१३६. शारदा नगरपालिकाको संस्थागत स्वमुल्याकंन **(Local Government Institutional Self Assessment (LISA)** गरि कमजोर र सबल पक्षको पहिचान गर्दै कार्ययोजना निर्माण गरी गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ ।

१३७. विषयगत कार्य योजनाको आधारमा कर्मचारीको संस्थागत क्षमता अभिबृद्धिका लागि तालिम अवलोकन भम्रण गराउने व्यवस्था मिलाइने छ ।

१३८. डिजिटल शारदा अभियान अन्तरगत आधुनिक सूचना तथा प्रविधिको अबलम्वन गरी सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाह मार्फत आम जनतालाई सुसुचित गर्न विशेष कार्यक्रमको ब्यवस्था गरिनेछ।

१३९ नगरपालिका अन्तर्गत नगर कार्यपालिकाको कार्यालय र विषयगत शाखामा कार्यरत कर्मचारीहरुले कार्यालय समयबाहेक अतिरिक्त समयमा काम गरेवापत प्रोत्साहनको उचित व्यवस्था गरिने छ ।

१४०. नगरपालिकाको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा विशेष योगदान पुऱ्याउने व्यक्तित्वहरुलाइ सम्मान र पुरस्कृत गर्ने नितिलाइ महत्व दिइने छ।

१४१. कर्मचारीहरुको मनोबललाई उच्च बनाई थप उत्प्रेरित गर्न अवलोकन भ्रमणलाई

उपलब्धिमूलक बनाउन कर्मचारीहरुलाई सेवासुविधा सहित पर्यटन काजको व्यवस्था मिलाईनेछ ।

१४२. नगरपालिकाको क्षेत्राधिकारभित्र क्रियाशिल गैरसरकारी संघसंस्थाको कार्यक्रमलाई प्रभावकारि

बनाउन अनिवार्य रुपमा नगरपालिकाको बजेट सिमाभित्र समावेश गर्ने नीति अबलम्वन गरिनेछ।

१४३. नगरपालिकाको कार्यालय र वडा कार्यालयको आफ्नै भवन निर्माण गरी आफ्नै भवनबाट

गुणस्तरीय र सर्वसुलभ सेवा प्रवाहलाई प्राथमिकता दिइनेछ ।

**१४४** . स्थानीय तहमा स्थानीय निकायबाट समायोजन भएर आएका कर्मचारीहरुको बृत्ति विकास लगायत अन्य सेवा सुविधाको लागि कर्मचारी कल्याण कोषमा आवश्यक रकमको व्यवस्था गरिनेछ ।

**१४५** "विवाद समाधानमा, प्राथमिकता मेलमिलापमा" भन्ने नाराका साथ स्थानीय तहको विवाद

स्थानीय तहमा नै छलफल, वार्ता आदि तवरले आपसी समझदारी र मेलमिलाप विधिबाट न्यायका मान्य सिद्धान्तको अधिनमा रही नगरपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र पहुँचयोग्य एवम् विश्वसनीय बनाइने छ ।

१४६ न्यायिक समितिको काममा चुस्त ,दुरुस्तता, गुणस्तर तथा गोपनियता ल्याउनको लागि व्यवस्थित इजलासको निर्माण गरिने छ ।

१४७ न्याय सम्पादन प्रभावकारी तथा गुणस्तरीय बनाउनको लागि क्षमता अभिवद्धि कार्यक्रमको व्यवस्था गरिने छ ।

१४८ नगर स्तरमा नगर प्रहरीको परिचालन मार्फत नगरपालिकामा उचित सुरक्षा प्रबन्ध, बजार व्यवस्थापन, फोहरमैला व्यवस्थापन, विपद व्यवस्थापन तथा आवश्यक सहायता कार्यक्रम अन्य सुरक्षा निकायसँगको समन्वयमा कार्यान्वयन गरिनेछ ।

## सूचना तथा प्रविधि

१४९ नगरवासिको सुचनाको हक सुनिश्चित गर्दै कर्णाली प्रदेशमै पहिलो सुचनामैत्रि पालिका शारदा नगरपालिकालाई बनाउने उद्देश्यले मुख्य स्थानहरुमा स्थान जानकारी पाटी (Location Information Board) तथा जिआइस म्याप (Geographical Information –GIS Map) को व्यवस्था गरिनेछ ।

१५० सबै वडा र नगरपालिका क्षेत्रभित्र ईन्टरनेटको सेवालाई प्रभावकारी वनाइनेछ ।

१५१ कार्यालयमा सबैले देख्ने गरी डिजिटल नागरिक वडापत्र (Digital Citizen Charter) व्यवस्था गरिनेछ ।

१५२ नगरपालिकाबाट हुने गतिविधिलाई कानुनबमोजिम वेवसाइट मार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५३ नगरपालिकाको कार्य प्रगति तथा गतिविधिको बारेमा वेवसाईट, सामाजिक संजाल, सार्वजनिक सुनुवाई, डिजिटल बोर्ड आदिमार्फत जानकारी गराइनेछ ।

१५४ आमसञ्चारका माध्यमहरुको सहकार्यमा सचेतनामुलक सामग्री प्रकाशन र प्रसारणमा जोड दिइनेछ । एवम नगरवासीलाइ अधिकतम सूचना दिने ध्ययकासाथ जडान गरीएको टोल फ्रि नं लाइ निरन्तरता दिइने छ ।

## राजस्व परिचालन

१५५ आन्तरिक राजश्व संकलनलाई प्रभावकारी बनाई आत्मनिर्भर नगरपालिका बनाउनतर्फ उन्मुख हुंदै करको दायरा फराकिलो बनाइने र कर प्रणालीलाई व्यवस्थित बनाउन Digital Tax Policy अवलम्वन गरिनेछ ।

१५६ व्यवसाय दर्ता तथा नविकरण वडा कार्यालयबाट गर्ने व्यवस्था गरिनेछ ।

१५७ राजश्व सम्बन्धि जनचेतना अभिवृद्धिको लागि स्थानिय संञ्चार माध्याम र व्यापक प्रचार प्रसार गरीनुका साथै सूचना तथा होडिङ्ग बोर्डको व्यवस्था मिलाइनेछ ।

१५८ आन्तरिक राजस्वका स्रोत पहिचान गरी तिनलाई परिचालन गरिनेछ ।

१५८ आन्तरिक राजस्व अनुगमन, मूल्यांकन तथा संकलन प्रणाली व्यवस्थित गराउन राजश्व परामर्श

समितीलाई प्रभावाकारी बनाइने छ ।

१५९ समयमै कर तिर्ने करदाता, बढी कर तिर्ने करदाता र राजश्व बढाउन सहयोग गर्ने करदातालाई सम्मान गर्ने नीति अंगीकार गरिनेछ ।

१६० (ढुङ्गा, बालुवा, गिट्टी र प्राकृतिक स्रोत कानुन बमोजिम संकलन गर्ने कार्यलाई व्यवस्थित रुपमा संचालन गरी नियमित रुपमा अनुगमन गरिनेछ ।

१६१. शारदा नगरपालिकाबाट सञ्चाालिलत Digital Display Board लाइ आम्दानिको स्रोत बढाउन सूचना विज्ञापन प्रशारनको लागी प्रयोगमा ल्याइने छ एवंम होडीङ बोर्ड लाइ करको दायरामा ल्याइने छ ।

**आदरणीय नगरसभाका सदस्यहरु,**

## संस्कृति तथा पर्यटन तर्फ

१६२ नगर क्षेत्र भित्र जिप फ्लायर तथा पार्क निर्माण गरी पर्यटन प्रवर्द्धनका लागि नगरस्तरीय पर्यटन गुरुयोजना निर्माण गरिने छ ।

१६३ धार्मिक एवम् प्राकृतिक क्षेत्रमा पर्यटन प्रवर्द्धन र विकासको योजनासहित स्थानीय युवालाई तालिमको व्यवस्था गरिने छ ।

१६४ खैरावाङ्ग मन्दिर क्षेत्रलाई संरक्षण गदै पर्यटकलाई विश्रामका लागि पार्क निर्माण गरिने छ ।

१६५ खैरावाङ्ग मन्दिर जाने मोटर बाटोलाई कालोपत्रे गरी सहज रुपमा आगमन हुने गरी धार्मीक पर्यटकहरुको आगमणलाइ सहज बनाइने छ ।

१६६ शारदा नगरपालिकाभित्रका विभिन्न रमणीय स्थानहरुमा पर्यटन प्रर्वद्धन गर्नका लागी होम स्टे-निर्माणको निति निर्माण संगै सञ्चालनमा ल्याइने छ ।

१६७ पर्यटकीय क्षेत्रको पहिचान र विकासमा विशेष योजना तयार गरी आन्तरिक तथा बाह्य पर्यटन आकर्षणको विशेष प्याकेज तयार गरिने छ ।

१६८ सामुदायिक पुस्तकालय र टोल टोलमा बाल उद्यान निर्माण गरिने छ ।

१६९ स्वच्छ, सफा र पर्यटनमैत्री बस्तीको विकास गर्दै Physical Fitness पार्कको निर्माण गरिने छ ।

१७० खलंगामा Tourism Information Center (पर्यटन सूचना केन्द्र) स्थापना गरीने छ ।

## महिला, बालबालिका, जेष्ठ नागरिक तथा लक्षित वर्ग तर्फ

१७१ अति असक्त जेष्ठ नागरिक र पूर्ण अपांग भएका व्यक्तिलाई घरदैलोमा गई बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरता दिईने छ ।

१७२ "दिर्घ जीवन, ईश्वरको वरदान" भन्ने नाराका साथ ९० वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई जेष्ठ नागरिक दिवसको अवसरमा सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

१७३ सामाजिक सुरक्षा भत्ता स्वइच्छाले नलिने व्यक्तिहरुलाई सार्वजनिक रुपमा सम्मानको व्यवस्था मिलाइने छ ।

१७४ बालबिबाह तथा बहुविवाह विरुद्ध जनचेतचना मुलक कार्यकम सहित घरदैलो अभियान कार्यक्रम लाइ निरन्तरता दिइने छ ।

१७५ महिला सशक्तिकरण तथा अपांगता भएका व्यक्तिहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम अगाडि बढाइने छ ।

१७६ एकल महिलालाई आत्मनिर्भर बनाउन आयआर्जन सम्वन्धि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

१७७ बालअधिकार संरक्षण तथा बालबालिकाको नेतृत्व विकासका लागि बाल क्लब र पालिका स्तरिय बालसन्जाल लाइ कियाशिल बनाइने छ ।

१७८ महिला, बालबालिका, अपांग, पिछडिएको वर्ग, दलित, एकल महिला, द्वन्द्व पिडितको सम्मान,प्रवर्द्धन र सशक्तीकरण गर्न विशेष कार्यक्रम सन्चालन गरिने ।

१७९ वडा तह सम्म लैंगिक समानता र सामाजिक समावेशिकरणलाई विकास प्रक्रियामा मूलप्रबाहिकरण गरिने छ ।

१८० युवा स्वरोजगारको लागि विभिन्न आयमुलक तथा सिपमुलक कार्यक्रम सञ्चालन गरिने छ ।

१८१ समन्वयात्मक रुपमा वाल वचाउ कार्यक्रम,वालश्रम निषेध,वाल अधिकार तथा घरेलु हिंसा विरुद्धको कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१८२ महिला, बालबालिका, अपांग, पिछडिएको बर्ग, दलित, जनजाती ,एकल, द्वन्द्वपीडितको सम्मान, प्रवर्धन र सशक्तिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

१८३ व्यवस्थापन सूचना प्रणाली (MIS) मार्फत व्यक्तिगत घटना दर्ता प्रणाली व्यवस्थित गरी व्यक्तिगत घटना दर्तालाई डिजिटाइजेशन गरिनेछ ।

## सुरक्षित नागरिक आप्रवासि सामी

१८४. आप्रवासी कामदार तथा तिनीहरू परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिईने छ । जसको लागि प्रदेश सरकार, वैदेशिक रोजगार वोड तथा संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि कार्यलाइ निरन्तरता दिइने छ।

१८५. स्थानीय तहले संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा समुदाय स्तरमा नै पर्याप्त आय र रोजगारीका अवसरहरू सिर्जना गर्न कार्यक्रमहरू ल्याउने छ । उक्त अवसरहरूमा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरूको पहुँच सुनिश्चित गर्ने बन्दोबस्त मिलाईने छ । जसको लागि प्रदेश सरकारले उद्यमशीलता विकास कार्यक्रम मार्फत वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारका परिवारहरुलाई उद्यम स्थापना गर्न सहूलियत ऋण, प्राविधिक सहयोग लगायतका सेवाहरूलाई निरन्तरता दिनुको साथै सम्बन्धित कार्यक्रम

तथा निकायहरुसँग समन्वयात्मक तवरबाट कार्य नीति लिईने छ। आप्रवासी कामदारहरुले वैदेशिक रोजगारीको दौरानमा सिकेका सीप तथा व्यवसायिक ज्ञान प्रयोग गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने व्यवस्था मिलाईने छ ।

१८६. श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापनको लागि सुरक्षित आप्रवासन कार्यविधि तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्न कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसँग सम्बन्धित विषयलाई व्यवस्थित गर्न शाारदा नगरपालिकाको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरुलाई एकिकृत रुपमा प्रवाह गरिने छ ।

**आदरणीय नगरसभाका सदस्यहरु,**

समग्रमा माथि उल्लेखित विषयगत क्षेत्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा शारदा नगरपालिकाको सोच "समृद्ध शारदा, सुखारी शारदाबासी " पुरा गर्न विशेष जोड दिइने छ ।

अन्त्यमा, नगरपालिकाको आवश्यकता र लक्ष्यलाई प्राथमिकतामा राखी यस बार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनमा नगरपालिकालाई सबैबाट सक्रिय सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु । यस नगरपालिकाको विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, नीजिक्षेत्र, बुटिजीविहरु, सञ्चारमाध्यम, सम्पुर्ण नगरवासी दाजुभाई तथा दिदिबहिनीलाई हार्दिक आभार व्यक्त गर्दछु ।
धन्यवाद .

**जय नेपाल**
**जय शारदा ।**

**प्रकाश भण्डारी**
**(नगर प्रमुख)**
**शारदा नगरपालिका**
**खलंगा, सल्यान**